आज मिति २०७५।०८।१३ गते बिहीबारका दिन अपरान्ह २ : ३० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको छब्बिसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखेल, नायब सुब्बा, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री योगेन्द्र बहादुर थोक्लेन, लेखापाल, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

**निर्णयहरु:**

१. यस गाउँपालिका क्षेत्रभित्र पर्ने तादी र लिखु खोलाबाट संकलन र उत्खनन् हुने नदीजन्य पदार्थहरु एवं कवाडी तथा अन्य वस्तुहरुमा तोकिएको दररेटमा आ.व. २०७५/०७६ को बाँकी अवधिको लागि कर असूली गर्ने कार्यको लागि राजस्व परामर्श समितिको सिफारिसको आधारमा लिखु गाउँकार्यपालिकाको बैठकबाट न्युनतम् अंक रु १७२०००००।०० एक करोड बहत्तर लाख (मु.अ. कर बाहेक) कायम गरी मिति २०७५।०७।११ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा विद्युतीय प्रणाली मार्फत बोलपत्र आव्हानको लागि सूचना प्रकाशन गरिएकोमा निर्धारित समयमा पर्न आएका बोलपत्रहरु मिति २०७५।०८।११ गते दिनको २.०० बजे खोलिदा क्षेत्रपाल/इशाही निर्माण सेवा जे.भि., चौघडा ८, नुवाकोटले रु १९४८१२००।०० एक करोड चौरानब्बे लाख एकासी हजार दुइ सय (मु.अ. कर समेत) को अंक कबोल गरी बोलपत्र दाखिला गरेको र यसरी एकमात्र पर्न आएको क्षेत्रपाल/इशाही निर्माण सेवा जे.भि., चौघडा ८, नुवाकोटको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन हुँदा कार्यालयबाट प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको प्रकृया पुरा भइ न्युनतम अंक भन्दा बढी अंक कबोल गरेकोले निजले पेश गरेको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ (८) बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि मल्यांकन समितिको मिति २०७५।०८।१२ गतेका बैठकबाट सिफारिस समेत भएकोले क्षेत्रपाल/इशाही निर्माण सेवा जे.भि., चौघडा ८, नुवाकोटले पेश गरेको बोलपत्र स्वीकृत गरी निज संग चालु आ.व. २०७५/०७६ को बाँकी अवधिको लागि ठेक्का संम्झौता गर्ने । सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता गर्न सात दिन अवधिको समय दिई आशयको सूचना प्रकाशन गरी सम्झौताको कार्य अघि बढाउने निर्णय गरियो ।

२.आ.व.२०७५।०७६ को प्रथम चौमासिकमा लिखु गाउँपालिकाको सञ्चित कोषबाट चालू तर्फ, पूँजीगत तर्फ तथा सशर्त अनुदान तर्फ भएको वित्तीय प्रगति एवं गाउँ कार्यपालिकाको कार्यालयबाट भएको आन्तरिक आय संकलन तर्फको वित्तीय प्रगति गाउँ कार्यपालिकाको बैठकमा पेश भयो ।

लक्ष्मी

२०७५।०८।१३